# बेलका नगरपालिका महिला अधिकार समिति, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

मिति २०८१ चैत्र २६ गतेको नगरसभाबाट पारित गरिएको

**प्रस्तावनाः-** नेपालको संविधानको धारा २२६, धारा ३८ को महिलाको हक, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ मा नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवश्यक कानून बनाउन सक्नेछ भन्ने व्यवस्था अनुसार बेलका नगरपालिकाले पालिकाभित्र बसोवास गर्ने सम्पूर्ण महिला वर्गको सामाजिक,आर्थिक, राजनैतिक एंव सांस्कृतिक पक्षहरुमा सशक्तिकरण, समानता तथा मूलप्रवाहीकरण गरी महिलाको अर्थपूर्ण सहभागिता बढाउनुका साथै महिला सम्बन्धी नगरपालिकाको वडादेखि नगरस्तरीय नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संग्लन गराई समग्र बेलकावासीको सर्वाङ्गिण विकासमा महिलाहरुको अर्थपूर्ण समावेश गरी सशक्तिकरण गराउन तथा महिला विकासका सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शी, जनमुखि, प्रभावकारी र उपलब्धिमुलक बनाउन बेलका नगरपालिकाले **"बेलका नगरपालिका महिला अधिकार समिति, संञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१"** सम्बन्धी यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (क) यस कार्यविधिको नाम " **बेलका नगरपालिका महिला अधिकार समिति संञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि बेलका नगरपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"नगर प्रमुख"** भन्नाले बेलका नगरकार्यपालिकाको नगर प्रमुख सम्झनुपर्दछ।

(ख) **"नगर उपप्रमुख"** भन्नाले बेलका नगरकार्यपालिकाको उपप्रमुखक सम्झनुपर्दछ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बेलका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(ग) " **कार्यपालिका"** भन्नाले बेलका नगरकार्यपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(घ) **"नगरपालिका"** भन्नाले बेलका नगरपालिका सम्झनुपर्दछ।

(ङ) **“महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा”** भन्नाले बेलका नगरकार्यपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्झनुपर्दछ।

(च) **“समिति”** भन्नाले दफा ३ बमोजिम गठन हुने नगर तथा वडा महिला अधिकार समिति सम्झनुपर्दछ।

## परिच्छेद २

## महिला अधिकार समितिको गठन तथा उदेश्य

**३. उदेश्यः** महिला अधिकार समिति गठन गर्नुको मुख्य उदेश्यहरु निम्नानुसार हुनेछनः

(क) स्थानीय तहहरु/वडाहरु, विषयगत कार्यालयहरु र गैरसरकारी संस्थाहरुबाट आ-आफ्नो ढङ्गले महिलाका क्षेत्रमा काम गर्दै आईरहेकोले काममा दोहोरापना हटाई सीमित स्रोत साधनको प्रभावकारी उपयोग गरी महिलाहरुको मूलप्रवाहीकरण, सशक्तिकरण, क्षमता विकास र गरिवी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुर्याउन नगरपालिका भित्र सञ्चालन हुने विभिन्न महिला विकासका कार्यक्रमहरुको समन्वय गर्ने,

(ख) नगरपालिकाको टोलस्तरीय समुदायदेखि स्थानीयस्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुकको सक्रिय सहभागिताको सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक आर्थिक राजनीतिक लगायतका विषयहरुमा जागरुक गराउदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने,

(घ) समाजमा पछाडि परेका/पारिएका महिलाहरुलाई विभिन्न सचेतनामूलक कार्यक्रममा सहभागी गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(ङ) विभिन्न सिपमूलक तालिमहरु सञ्चालनमा संमन्वय र सहयोग गरी आयआर्जनको क्षेत्रमा महिलाहरुलाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(च) पिछडिएका क्षेत्रहरुमा भइरहेका महिला, हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(छ) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एंव समताको भावना जागृत गराउने,

(ज) समाजका नीति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउदै बौद्धिक एंव आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने।

## परिच्छेद ३

## नगर र वडा महिला अधिकार समितिको गठन संञ्चालन सम्बन्धी व्यवस्था

**४. नगर महिला अधिकार समितिः-** (१) बेलका नगरपालिकामा देहायबमोजिमको नगर महिला अधिकार समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका पदाधिकारीहरु रहने छनः-

(क) बेलका नगरपालिकाको नगर उपप्रमुख -संयोजक

(ख) बेलका नगरकार्यपालिकाको महिला सदस्य सबै -सदस्य

(ग) ईलाका प्रहरी कार्यालयको प्रमुख/प्रतिनिधि (महिला) -सदस्य

(ङ) महिला हिंसा विरुद्ध पालिकामा तहमा क्रियाशिल संस्थाहरुको प्रतिनिधिमध्येबाट समितिले छनोट गरेका दुई जना -सदस्य

(च) महिला अधिकारको क्षेत्रमा काम गर्ने मेलमिलापकर्ता/कानुन व्यवसायी/प्रध्यापक/पत्रकार/समाजसेवीमध्येबाट समितिले चयन गरेको तिनजना महिला अधिकारकर्मी -सदस्य

(छ) मनोसामाजिक मनोविमर्शकर्ता -सदस्य

(ज) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको सञ्चालनमा सामाजिक विकास समितिका संयोजक तथा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ।

(४) उपदफा (२) बमोजिम गठन भएको समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुने छ।

५. **नगर महिला अधिकार समितिको काम, कर्तव्य र अधिकारः**- नगर महिला अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) महिलासँग सम्बन्धित नगर स्तरमा संञ्चालित विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यन्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) नगरपालिकामा सञ्चालन गरिने कार्यक्रमहरुमा महिला लक्षित कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने।

(ग) स्थानीय निकायहरु, विषयगत कार्यालयहरु तथा गैर सरकारी संस्थाहरुलाई महिला वर्गको सशक्तिकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिस गर्ने,

बेलका नगरपालिका महिला अधिकार समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

(घ) महिला विकासको लागि गठित वडा महिला समिति, समुह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने महिला लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने, सो कार्यक्रमहरुको अनुगमन गर्ने।

(ङ) महिला विकासका लागि नगरमा क्रियाशील गैरसरकारी संस्था, सामुदायीक संस्था, समिति तथा समुहहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुर्याउन सहयोग र समन्वय गर्ने।

(घ) नगरमा महिलाको क्षेत्रमा कार्यगर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने गराउने,

(ङ) महिला सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य कार्यान्वयनमा रहेका कानूनहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(घ) नगरस्थित महिला तथा बालबालिका कार्यालयबाट सञ्चालित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउने,

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(छ) नगरमा विभिन्न निकायहरुबाट महिलाको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसार अभिलेख तयार गर्ने,

(ज) नगरपालिकाबाट संञ्चालन हुने योजना निर्माणको लागि गठन हुने उपभोक्ता समिति, विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समुह वा संस्थामा महिलाहरुको कम्तिमा ५०%(पचास) प्रतिशत प्रतिनिधित्वको लागि पहल गर्ने तथा गठित उपभोक्ता समितिमा महिलाको नेतृत्व सुनिश्चित गर्न पहल गर्ने।

(झ) स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एंव परीक्षण निर्देशिका २०६८ अनुसारको लैङ्गिक बजेटको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(झ) नगरमा  विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट सञ्चालित महिलाको लक्षित कार्यक्रमको कार्यान्वयन अवस्था तथा कुल विनियोजित बजेटको वारेमा प्रचार प्रसार गर्ने,

(ञ) नगरपालिकामा महिला, बालबालिका र समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ट) वडामा गठित महिला अधिकार समितिको निरिक्षण, क्षमता विकास अनुगमन गर्ने तथा तोकिए बमोजिमको अन्य काम गर्ने गराउने।

**६. वडा महिला अधिकार समितिः-** (१) बेलका नगरपालिका अन्तर्गत सबै वडामा वडा महिला अधिकार समितिको गठन देहाय बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा  देहायबमोजिमका पदाधिकारी रहने छन।

(क) वडा समितिको निर्वाचित महिला सदस्य -संयोजक

(ख) वडा समितिको निर्वाचित महिला सदस्य -सदस्य

(ग) महिला हिंसा विरुद्ध वडा तहमा क्रियाशील संस्थाहरुको प्रतिनिधि मध्येबाट  वडा समितिले छनोट गरेका दुई जना -सदस्य

(घ) नजिकको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि (संभव भएसम्म महिला) एकजना -सदस्य

(ङ) महिला अधिकारको क्षेत्रमा काम गर्ने मेलमिलापकर्ता/कानून व्यवसायी प्रध्यापक/पत्रकार/समाजसेवीमध्येबाट वडा समितिले चयन गरेको एक जना महिला अधिकारकर्मी - सदस्य

(च) वडा सचिव/वडाको महिला कर्मचारी (महिलाको विषय हेर्ने -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सवै वर्ग, क्षेत्रका एकल, विधवा र अपाङ्गता भएका महिलालाई समेट्नुपर्ने छ।सो समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ।

**७. वडा महिला अधिकार समितिको काम, कर्तव्य र अधिकारः-** वडा महिला अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः-

(क) महिला हिंसा निवारणका सम्बन्धमा नगरपालिकाबाट  स्वीकृत नीति, योजना तथा कार्यक्रमको वडा तहवाट कार्यान्वयन गर्ने/गराउने।

बेलका नगरपालिका महिला अधिकार समिति संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

(ख) हिंसाबाट पीडित वा प्रभावित महिलाहरुको उजुरी वा निवेदन लिई वडा स्तरबाट कानूनबमोजिम गर्न सकिने अधिकतम कार्य गर्ने ।

(ग) हिंसा पीडित महिलालाई कानूनी तथा मनोवैज्ञानिक परामर्श उपलब्ध गराउने।

(घ) पीडितलाई तत्काल उपचार, स्वास्थ्य सेवा, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन पहल गर्ने।

(ङ) वडा क्षेत्रभित्र महिला हिंसासम्बन्धी घटेका घटनाहरुको अभिलेख अध्यावधिक गर्ने/गराउने।

(च) हिंसाबाट प्रभावित वा पीडित भई अन्यायमा परेका महिलाहरुलाई न्याय उपलब्ध गराउन प्रचलित कानूनबमोजिम छलफल, मेलमिलाप, क्षतिपूर्ति, पुनस्थापना, पारिवारिक पुनर्मिलनका कार्यहरु गर्ने।

(छ) प्रचलित कानूनबमोजिम कानुनी कारवाहीको लागि न्यायिक समिति, स्थानीय प्रहरी, मेलमिलापकेन्द्र वा अन्य निकायमा सम्बद्ध कागजात सहित कारवाहीको लागि पठाउनुपर्ने देखिएमा यथाशक्य छिटो प्रेषित गर्ने।

(ज) वडा स्तरमा संञ्चालन हुने मेलमिलाप केन्द्र, वडा समिति, न्यायिक समितिसँग निकट सम्पर्क, संमन्वय र सहयोगमा रही कार्य गर्ने/गराउने।

(झ) संविधान तथा कानुन प्रदत्त महिलाको हक अधिकारको प्रचलन तथा प्रयोगलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्न/गराउने।

(ञ) वडा क्षेत्रलाई महिला हिंसा निषेधित तथा मानवीय मर्यादा कायम भएको क्षेत्रका रुपमा विकास गर्ने/गराउने।

(ट) वडा क्षेत्रलाई महिला हिंसा निषेधित तथा मानवीय मर्यादा कायम भएको क्षेत्रका रुपमा विकास गर्ने/गराउने।

(ठ) महिला हिंसा निवारणका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ड) सामाजिक न्याय तथा सामाजिक पुनर्स्थापनाका लागि न्यायिक तथा अर्धन्यायिक निकाय, सामुदायिक सङ्गठन, लोककल्याणकारी संस्था, गैह्रसरकारी संस्थाहरुसँग आवश्यक संमन्वय तथा सहकार्य गर्ने।

(ढ) स्थानीय विवादको समाधान मेलमिलापको प्रक्रियाबाट गर्न/गराउन जनप्रतिनिधि, विवादका पक्ष, मेलमिलापकर्ता, स्थानीय बासिन्दा, विभाग तथा वडाका कर्मचारी, बुद्धजीवि, समाजसेवीसँग आवश्यक समन्वय,सहकार्य र सहयोग गर्ने।

(ण) महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्ने सम्वद्ध सरकारी तथा गैह्रसरकारी निकायलाई सहयोग गर्ने/गराउने।

(त) महिला हिंसा निवारणका लागि नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने/गराउने।

**८. समितिको बैठक सम्बन्धी कार्यविधिः-**

(१) समितिको बैठक १ बर्षमा १२ पटक बस्ने छ र आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ। तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा तीनदिन अगावै समितिको सदस्य सचिव बैठकमा छलफल हुने विषय सहितको सुचना सबै सदस्यलाई दिनुपर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(५) समितिको बैठकमा आवश्यकताअनुसार समितिको बैठकमा नगरप्रमुख, प्रमुख प्रशासकीय वडा अन्य विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सक्ने छ।

(६) समितिको अलग्गै निर्णय पुस्तिका हुने छ र समितिको निर्णय सदस्य सचिवले प्रमाणित गराई राख्नुपर्ने छ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ।

९. समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(क) नेपाली नागरिक

(ख) जननिर्वाचित महिला प्रतिनिधि,

(ग) जननिर्वाचित पूर्व महिला प्रतिनिधि,

(घ) महिला वर्गको बारेमा पर्याप्त जानकारी भई योगदान पुर्याउन सक्ने,

(ङ) नगरपालिकाको नागरिक र नगरपालिका भित्र बसोवास गरी योगदान पुर्याईरहेको,

(च) फौजदारी अभियोगमा सजाय नपाएको व्याक्ति, मानसिक सन्तुलन नगुमाएको व्याक्ति,

(छ) बैंक तथा वित्तीय संस्थाको कालोसूचिमा नगरेको व्याक्ति,

(ज) बेलका नगरपालिकालाई तिर्नुपर्ने कुनै कर, राजस्व, सेवा शुल्क लगायतको बाँकी वक्यौता नभएको।

**९. उपप्रमुखले अनुगमन गर्न सक्नेः-** (१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले महिला हिंसा निवारण सम्बन्धमा वडा स्तरमा गरेका काम कारवाहीहरुको उप-प्रमुखले जुनसुकै समयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ।

(२) उपप्रमुखले उपदफा (१) बमोजिम अनुगमन तथा सुपरिवेक्षण गरेपश्चात् आवश्यकताबमोजिम थप समन्वय, सहयोग वा सहजीकरण गर्न सक्ने छ।

बेलका नगरपालिका महिला अधिकार संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१



मिति २०८१ चैत्र २६ गतेको नगरसभाबाट पारित गरिएको

## परिच्छेद-३
## विविध

**१०. प्रतिवेदन पेस गर्नेः-** (१) समितिले आफुले गरेको कार्यको चौमासिक प्रतिवेदन वडाको वडा समितिमा नगरमा वडा समितिको चौमासिक प्रतिवेदनको आधारमा नगरस्तरीय प्रतिवेदन तयार गरी नगरसमितिको संयोजकसमक्ष पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको प्रतिवेदन सम्बन्धमा नगरस्तरीय समितिले आवश्यक कारवाही गर्ने छ।

**११. बैठक भत्ताः-** समितिको संयोजक तथा सदस्यहरुले समितिको बैठकमा भाग लिएवापत नगरपालिकाले तोकेबमोजिमको रकम बैठक भत्तावापतको रुपमा पाउने छन।

**१२. निर्देशन दिन सक्नेः-** (१) उपप्रमुख, न्यायिक समिति वा वडा समितिले महिला हिंसा रोकथाम तथा नियमनको कुनै कामकारवाहीको सन्दर्भमा आवश्यक निर्देशन दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुने छ।

**१३. अधिकार प्रत्यायोजनः-** समितिले समितिको संयोजक वा कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरी काम गराउन सक्ने छ।

**१४. थपघट र हेरफेरः-** आवश्यकता अनुसार समितिको सिफारिसमा थपघट र संशोधन नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

**१५. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** बेलका नगरपालिकामा यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका महिला अधिकार समिति गठन परिचालन तथा सशक्तिकरण, मुलप्रवाहीकरण, क्षमता विकास सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा महिला अधिकार सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश


बेलका नगरपालिका महिला अधिकार समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

सरकारको कानूनमा भएको महिला अधिकार संवर्द्धनका प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

**१६. अमान्य हुनेः-** यस कार्यविधिमा लेखिएको कुनैकुरा प्रचलित कानुनसँग बाझिएमा हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुने छ।

स्वीकृत मितिः- २०८१/१२/२६

आज्ञाले,
रविकिरण आचार्य
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका महिला अधिकार समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१